# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १० | अंक ९७ | काठमाडौं | शनिबार, १३ साउन २०८० | Prabhab National Daily | Saturday, July 29, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## इटाली भ्रमण सफल: प्रधानमन्त्री




**काठमाडौं (प्रस)–** प्रधानमन्त्री पुष्पकमल दाहालले आफ्नो इटाली भ्रमण सफल भएको बताएका छन् । इटाली भ्रमणबाट स्वदेश फर्किने क्रममा त्रिभुवन अन्तर र्ाष्ट्रिय विमानस्थलको अतिविशिष्ट कक्षमा शुक्रबार आयोजित पत्रकार सम्मेलनमा उनले नेपालको सक्रिय सहभागिता र सम्मेलनको दौरानमा भएका महत्त्वपूर्ण भेटघाटले भ्रमण सफल भएको बताएका हुन् ।

'भ्रमणबाट अन्तर्राष्ट्रिय मञ्चमा नेपालको छवि एक स्वतन्त्र, सार्वभौम, संयुक्त राष्ट्रसंघ र समग्र बहुपक्षीयताप्रति प्रतिबद्ध मुलुकका रूपमा अझ बढी मुखरित हुन पुगेको विश्वास लिएको छु,' उनले भने । सम्मेलनका क्रममा आफू अत्यन्त व्यस्त रहेको जानकारी दिँदै उनले इटालीको आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रमा गरेको विकासको अवलोकन गरेको बताए ।

प्रधानमन्त्री दाहालले संयुक्त राष्ट्रसंघ, इटाली सरकार र रोमस्थित खाद्य तथा कृषि संगठन, विश्व खाद्य कार्यक्रम र कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोषद्वारा इटालीको रोममा आयोजित 'संयुक्त राष्ट्रसंघ फुड सिस्टम समिट प्लस २ स्टकिङ मोमेन्ट' मा नेपालको प्रतिनिधित्व गरेका थिए ।

सम्मेलनमा नेपालको सहभागिता र सम्मेलनको अवसरमा भएका द्विपक्षीय भेटघाटका क्रममा महत्त्वपूर्ण छलफल भएको उनले जानकारी दिए । प्रधानमन्त्री दाहालले सम्मेलनको उद्घाटन समारोहमा नेपालको सरकार प्रमुख तथा अतिकम विकसित राष्ट्रको अध्यक्षका हैसियतमा सम्बोधन गरेका थिए ।

उनले सम्मेलनको अत्यन्त महत्त्वपूर्ण सत्रका रूपमा लिइएको 'खाद्य प्रणालीमा रूपान्तरणको अभ्यास, सफलता र आगामी बाटो' मा नेपालका प्रतिनिधित्व गर्दै मुख्य वक्ताका रूपमा सम्बोधन गरेको बताए । 'सम्मेलनका क्रममा 'विद्यालय खाजा कार्यक्रमसम्बन्धी सत्र'लाई पनि सरकार प्रमुखको हैसियतमा मैले सम्बोधन गरेँ,' उनले भने ।

### कोशीमा मुख्यमन्त्री दौड

# कांग्रेस–एमालेको आ–आफ्नै दाबी




- उद्धव थापाको नेतृत्वमा सरकार गठन हुँदा विरोध गरेका कांग्रेसका केन्द्रीय सदस्य डा. शेखर कोइरालाले अबको सरकार थापाकै नेतृत्वमा गठन हुने दाबी पेश
- सभामुख बाबुराम गौतमले पदबाट राजीनामा दिएर सरकार बनाउन सहयोग गर्नुपर्ने कांग्रेस महामन्त्री विश्वप्रकाश शर्माको भनाइ
- एमाले संसदीय दलका नेता हिक्मतकुमार कार्की कांग्रेससँग मिलेर सरकार बनाउन तयार

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** कोशीको कामचलाउ मुख्यमन्त्री को ? संविधानविद्हरूको भनाइ मान्ने हो भने हिक्मत कार्की नै कमचलाउ मुख्यमन्त्री हुन् । 'सर्वोच्चले जुन बिन्दुबाट संविधानको प्रयोग र पालना त्रुटीपूर्ण भएको हो त्यहीँबाट सच्याउन आदेश दिएसँगै स्वत: हिक्मत कार्कीको सरकार कामचलाउ सरकारमा परिणत भएको छ,' संविधानविद् डा. भीमार्जुन आचार्यको भनाइ छ । उनले मात्र हैन वरिष्ठ अधिवक्ता रमण श्रेष्ठले पनि कार्की नै मुख्यमन्त्री हुने तर्क पेस गरेका छन् । 'उद्धव थापाको नियुक्तिको प्रक्रियादेखि नै उत्प्रेषणमार्फत बदर भएको छ । यो भनेको पूर्ववत् अवस्थामा जानु हो,' श्रेष्ठले भनेका छन् ।

बिहीबार सर्वोच्च अदालतले परमादेश जारी गर्दै कांग्रेसका थापालाई मुख्यमन्त्री नियुक्त गरेको निर्णय बदर गरेको थियो । त्यसलगत्तै कोशीमा कामचलाउ मुख्यमन्त्री को ? भन्ने बहसमा संविधानविद्को भनाइ कार्कीको पक्षमा आएको हो । गत असार १५ गते एमाले संसदीय दलका नेतासमेत रहेका कार्कीले आफूलाई विश्वास छ कि छैन भनेर मत माग्दा उनको पक्षमा नतिजा आएन । त्यसपछि गठबन्धनको नयाँ सरकार गठन भयो । कांग्रेस संसदीय दलका नेता थापा मुख्यमन्त्री बने । बहुमत उनको पक्षमा पनि नहुँदा सभामुख गौतमको हस्ताक्षरसहित ४७ जनाको हस्ताक्षर आएपछि प्रदेश प्रमुख परशुराम खापुङले २१ असारमा थापालाई मुख्यमन्त्रीमा नियुक्त गरे ।

लगत्तै कार्कीले उक्त निर्णय बदर गर्न सर्वोच्चमा रिट दायर गरे । बिहीबार सर्वोच्चले कार्कीको पक्षमा निर्णय सुनायो । अनि संविधानविद्हरूको सुझावअनुसार मुख्यमन्त्री कार्यालयमा हाजिर हुन काठमाडौंबाट विराटनगर पुगे कार्की । विमानस्थलमा मुख्यमन्त्री कार्यालयबाट गाडी नआएपछि कार्की आफ्नो निवासतिर (बाँकी पृष्ठ २ मा)

## कांग्रेससँग मिल्न एमाले तयार

**काठमाडौं (प्रस)–** कोशी प्रदेशसभास्थित नेकपा एमाले संसदीय दलका नेता एवं पूर्वमुख्यमन्त्री हिक्मतकुमार कार्की कांग्रेससँग मिलेर सरकार बनाउन तयार देखिएका छन् । काठमाडौंबाट विराटनगर पुग्नसाथ सञ्चारकर्मीसँग कुराकानीमा कार्कीले बहुमत नभएको अवस्थामा एमालेले कांग्रेसलाई मुख्यमन्त्रीसमेत दिन तयार रहेको बताए ।

'देशका ठूला दल नेकपा एमाले र कांग्रेसबीच कुरा मिलेमा मुख्यमन्त्री दिन हामी तयार छौं । बहुमत नभएपछि मुख्यमन्त्री दिन पनि तयार हुनुपर्छ,' कार्कीले भने, 'भागबण्डामा भने हामी सहमत छैनौं ।' मुख्यमन्त्रीमा कार्यकाल आधाआधा बाँड्नका लागिसमेत आफू तयार रहेको कार्कीको भनाइ थियो ।

### सन्दर्भ : वैदेशिक रोजगार

## युरोपियन मुलुक जान अनुचित प्रभावमा नपर्न आग्रह




■ **प्रभाव संवाददाता**

**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले युरोपियन श्रम गन्तव्य मुलुकमा जान असम्बन्धित व्यक्ति वा संस्थाको अनुचित प्रभावमा नपर्न सुझाव दिएको छ ।

मन्त्रालयले शुक्रबार प्रेस विज्ञप्तिमार्फत आकर्षक सेवा, सुविधाको प्रलोभन देखाई माल्टा, रोमानिया, पोल्याण्ड, पोर्चुगललगायतका युरोपियन श्रम गन्तव्य मुलुकमा रोजगारी दिने बहानामा लाखौं रूपैयाँ ठगी गरेको सम्बन्धमा सूक्ष्म अनुसन्धान गरिरहेको जानकारी दिँदै असम्बन्धित व्यक्ति वा संस्थाको अनुचित प्रभावमा नपर्न सुझाव दिएको हो ।

'असम्बन्धित व्यक्ति वा संस्थाको अनुचित प्रभावमा नपर्न मन्त्रालयको अनुरोध छ,' विज्ञप्तिमा उल्लेख छ, 'दर्ता भएका इजाजत प्राप्त संस्थामार्फत वा उच्च

> मन्त्रालयका सहायक प्रवक्ता डम्बरबहादुर सुनुवारले अनधिकृतरूपमा वैदेशिक रोजगारीको आवरणमा हुने सबै प्रकारका ठगीलाई निरूत्साहित गर्न सहयोग तथा सहकार्यका लागि अनुरोध गरेका छन् ।

दक्ष कामदारले व्यक्तिगतरूपमा वैदेशिक रोजगारीमा जाँदा अन्य कोही अनाधिकृत व्यक्ति वा संस्था एवं सञ्चारमाध्यम र सामाजिक सञ्जालमा प्रकाशन तथा प्रसारण गरेको सूचनाको आधारमा नभई कामदार स्वयंले वैदेशिक रोजगार विभाग वा सम्बन्धित संघ तथा रोजगारदातासँग सीधा सम्पर्क र समन्वय गरेर मात्र वैदेशिक रोजगारीमा जानुहुन अनुरोध छ ।'

जारी विज्ञप्तिमा सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा 'वैदेशिक रोजगारीमा ठगी' विषयमा प्रकाशित तथा प्रशारित समाचारप्रति मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको उल्लेख गरेको छ। मन्त्रालयका सहायक प्रवक्ता डम्बरबहादुर सुनुवारले अनधिकृतरूपमा वैदेशिक रोजगारीको आवरणमा हुने सबै प्रकारका ठगीलाई निरुत्साहित गर्न सहयोग तथा सहकार्यका लागि अनुरोध गरेका छन् ।

वैदेशिक रोजगारीमा जानका लागि नेपाल सरकारले खुला गरेको मुलुकमा तीन प्रकारको कानुनी प्रक्रियाबाट श्रम स्वीकृति प्रदान गरिन्छ । नेपाल सरकार र सम्बन्धित देशको सरकारबीच श्रम सम्झौता गरी, वैदेशिक रोजगार विभागमा दर्ता भई अद्यावधिक भएका वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न अनुमति प्राप्त इजाजतप्राप्त संस्था र तेस्रो व्यक्तिगतरूपमा श्रम स्वीकृति प्रदान गरिने प्रावधान रहेको छ ।

इजाजत प्राप्त संस्थामार्फत वैदेशिक रोजगारीमा जाँदा आफू जान चाहेको मुलुक, कामको विवरण, तलब सेवा सुविधा, आवश्यक सीप तालिम, रोजगारदाताले तोकेको सेवा शुल्क वा 'फ्रि भिसा, फ्रि टिकट'को बारेमा सम्बन्धित इजाजत प्राप्त संस्थामा स्वयं आफैं उपस्थित भई वा वैदेशिक रोजगार विभागमा सम्पर्क गरी यकीन गर्न मन्त्रालयले अनुरोध गरेको छ ।

## 'प्रलोभनमा परेर थाइल्याण्ड र म्यानमार नजानू'

**काठमाडौं (प्रस)–** परराष्ट्र मन्त्रालयले झूटा आश्वासन र प्रलोभनमा परेर वैदेशिक रोजगारीका लागि थाइल्याण्ड र म्यानमार नजान आग्रह गरेको छ । मन्त्रालयले शुक्रबार एक विज्ञप्ति जारी गरी पछिल्लो समय थाइल्याण्ड र म्यानमारमा सूचना प्रविधि (आइटी) क्षेत्रमा आकर्षक रोजगारी र सुविधाको प्रलोभन देखाएर नेपालीलाई म्यानमारको कायिन प्रान्तको म्यावडी लगेर बन्धक बनाई अवैध काम गर्न बाध्य बनाइएको भन्दै सचेत रहन आग्रह गरेको हो ।

मन्त्रालयले वैदेशिक रोजगारीमा लगाइदिने वा यस्तै अन्य प्रलोभनमा पारी ठूलो रकम लिई कुनै व्यक्तिलाई विदेशमा लगेर अलपत्र पार्ने एवं नेपाल सरकारको प्रचलित कानुनअनुरूप निषेध गरिएका कार्यमा संलग्न गराउने कार्य कानुनबमोजिम दण्डनीय भएकाले यस्ता गैरकानुनी काम नगर्न र यसतर्फ सचेत रहन सबैमा अनुरोधसमेत गरेको छ ।

यस्तै, विभिन्न प्रलोभनमा परी जाने नेपालीलाई गैरकानुनी रूपमा थाइल्याण्डबाट स्थलमार्ग हुँदै म्यानमारको सो क्षेत्रमा लैजान र रोजगारदाताले नेपाली राहदानीसमेत जफत गरी दैनिक १२ घण्टासम्म अनलाइन ठगीलगायत गैरकानुनी काममा लगाउने गरेको बुझिन आएको मन्त्रालयले बताएको छ ।

विदेशमा रोजगारी गर्न जाँदा पर्यटक/भिजिट भिसामा नगई प्रचलित नेपाल कानुनबमोजिम श्रम स्वीकृति लिएरमात्र विदेश जान सरकारले अनुरोध गरेको छ । यसरी रोजगारीका लागि विदेश जानुअघि नेपाल सरकारका सम्बन्धित कार्यालय तथा विदेशस्थित नेपाली नियोगसँग सम्पर्क गरी रोजगारदाता कम्पनी र रोजगारीको बारेमा बुझ्न सबैमा मन्त्रालयले अनुरोध गरेको छ ।

मन्त्रालयले नक्कली रोजगारीका विज्ञापन प्राय: सामाजिक सञ्जालमा आउने गरेका देखिएकाले यस्ता झूटा आश्वासनमा नपर्नसमेत सचेत गराएको छ । म्यानमारमा पुगेर बन्धक बनाइएका तथा अलपत्र परेका नेपालीले आफ्नो उद्धारका लागि नेपालस्थित आफन्तजन र नेपाली राजदूतावास बैंकक तथा यांगुनमा सम्पर्क गर्ने गरेको पाइएको छ । नेपाली दूतावासले स्थानीय सरकारसँग समन्वय गरी केही संख्यामा नेपालीको उद्धार गरिसकेको र थप नेपालीको उद्धार गर्ने प्रयास भइरहेको बताएको छ । म्यानमार द्वन्द्वग्रस्त क्षेत्र भएकाले उद्धारमा चुनौती हुने गरेको मन्त्रालयले जनाएको छ । उद्धारका लागि कुनै समस्या परेमा नेपाली राजदूतावास बैंककमा सम्पर्क गर्न मन्त्रालयले सबैलाई अनुरोध गरेको छ ।


जनहितमा जारी सन्देश




प्रभाव दैनिक National Daily | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं

# किरात स्वायत्तता जनअभियानको अवधारणापत्र सार्वजनिक

■ प्रभाव संवाददाता




**काठमाडौं-** किरात स्वायत्तता जनअभियानले 'कोशी प्रदेश' नाम खारेज गरी 'किरात प्रदेश' नामांकनका लागि संघर्ष अघि बढाउने घोषणा गरेको छ । शुक्रबार काठमाडौंमा अभियानको अवधारणापत्र सार्वजनिक गर्दै उक्त घोषणा गरिएको हो ।

अभियानका संयोजक नगेन्द्र राईले 'कोशी' खारेज गरी पुनः नामांकनका लागि अभियान सशक्त बनाउन अवधारणापत्र तयार पारिएको बताए । उक्त अवधारणापत्रमाथि छलफल तथा अन्य पहिचानवादी संगठनहरूसँग सहकार्य अगाडि बढाउन कार्यक्रम आयोजना गरिएको उनको भनाइ छ ।

'किरात स्वायत्तता जनअभियानको अवधारणापत्र सार्वजनिक गरेका छौं, अब संगठन बिस्तार गरी प्रदेश १ मा सशक्त आन्दोलन गर्ने तयारीमा छौं,' संयोजक राईले भने, 'पहिचानसहितको नामांकनका लागि आन्दोलनरत शक्तिहरूसँग सहकार्य गरेर अगाडि बढ्ने योजना छ ।'

कार्यक्रममा पूर्वसांसद टंक राई, पूर्वमन्त्री आइबी गुरुङ, नेपाल तामाङ घेदुङका अध्यक्ष मोहन गोले, किरात राई यायोख्खाका अध्यक्ष जीवन हताचो राई, मगर संयुक्त संघर्ष समितिका संयोजक राम मगरलगायतले अवधारणापत्रमाथि आ-आफ्नो धारणा राखेका थिए ।

अवधारणापत्रमा कोशी प्रदेशको नामकरण खारेज गरी सभ्यता, ऐतिहासिकता र पहिचानको आधारमा स्वायत्ततासमेतको किरात प्रदेश नामकरण गर्ने नीतिलाई दृढताका साथ अघि बढ्ने उल्लेख छ । यस्तै किरात प्रदेश साझा भूगोल भएकोले उक्त भूगोलमा बसोवास गर्ने सम्पूर्ण आदिवासी जनजातिहरूको स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र र स्वशासित क्षेत्रहरूको सुनिश्चितता हुने, सबै जाति समुदायको राज्यमा समानुपातिक समावेशी प्रतिनिधित्व सुनिश्चित गरिने उल्लेख गरिएको छ ।

'पहिचान र स्वायत्तताको आधारमा राज्यको नयाँ संरचनाका लागि सम्पूर्ण आदिवासी जनजातिको संयुक्त आन्दोलनको विकास गर्ने नीति अवलम्बन गर्ने,' अवधारणापत्रमा भनिएको छ । अभियानले संघ र प्रदेश दुवैमा जातीय जनसंख्याको आधारमा पूर्णसमानुपातिक निर्वाचन प्रणाली लागू गर्नुपर्ने मागलाईसमेत प्राथमिकताका साथ अघि सार्ने जनाएको छ ।

# पाटन एग्रो फुड स्थानान्तर गर्न स्थानीयको माग



**काठमाडौं (प्रस)–** पाटन औद्योगिक क्षेत्रभित्र सञ्चालित एग्रो फुड कम्पनीबाट उत्पन्न दुर्गन्ध धुवाँ र ध्वनिको कारण स्वास्थ्यमा असर पऱ्याएको भन्दै स्थानीय बासिन्दाले विरोध जनाएका छन् । उद्योगमा प्रयोग हुने केमिकल्स र ब्रिकेट बालेर उत्पादन हुने धुवाँ र गन्धले वरिपरिका बासिन्दाका आँखा, नाक, मुख सुक्ने पोल्ने र अक्सिजनको कमी भई हृदयरोगसमेत देखिएको स्थानीयको भनाइ छ ।

एग्रो फुड कम्पनी स्थानान्तर गर्नुपर्ने माग आफूहरूको रहेको स्थानीय वेखराम बलामीले बताए । प्रदूषणरहित हस्तकला उद्योग सञ्चालन गर्ने उद्देश्यसहित राजा महेन्द्रले वि.सं. २०२५ सालमा स्थापित औद्योगिक क्षेत्रभित्र प्रदूषणयुक्त जंकफुड उद्योग कसरी स्थापना हुन गयो भन्ने प्रश्न स्थानीयले उठाएका छन् ।

संघर्ष समितिका अध्यक्ष शेषराम श्रेष्ठले वर्षौं अगाडि एग्रोफुड उद्योग थाल्दा पानीको बाफमात्र उड्ने हो त्यो पनि चिलिङ भ्याटमार्फत हावामा बिलाउँछ भन्दै स्वीकृति लिएको उल्लेख गरे । तर, सुधारका लागि पटक-पटक प्रतिबद्धता जनाउँदा पनि उल्टै रातिराति धुवाँ गन्ध बढ्ने गरी उद्योग सञ्चालन भइरहेको उनको भनाइ छ । अब उद्योग नै बन्द गर्नुपर्ने माग स्थानीयको छ ।

स्थानीय अभिषेक भन्छन्, 'जबसम्म उद्योगले ब्रिकेट बाल्न रोकेर धुवाँ, ध्वनि नआउने प्रविधि जडान गरिँदैन तबसम्म हामी उद्योग सञ्चालन गर्न दिँदैनौं ।'

पाटन औधगिक क्षेत्रका प्रबन्धक तुलबहादुर रानाले कुनै पनि उद्योग बन्द गर्न प्रक्रियामा जानुपर्ने भएकोले धुवाँ, धुलो र ध्वनि प्रदूषण रोकिने गरी सुधारको अवसर दिनुपर्ने बताए । विरोध कार्यक्रममा उद्योगका तर्फबाट मेनेजर हर्षित मिश्रले भने, 'उद्योगमा प्रयोग हुने केमिकलहरूको लिस्ट हस्ताक्षरसहित सार्वजनिक गर्ने, ब्रिकेटको ठाउँमा बिजुली वा अरू बैकल्पिक इन्धन बाल्ने र ध्वनि प्रदूषण नहुनेगरी प्रविधि जडान गर्न प्रतिबद्धता व्यक्त गर्दछौं ।' यसका लागि केही समय दिनुपर्ने उनले माग गरे ।


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : TEAM FORCE SECURITY SDN. BHD.

पुर्व स्वीकृति मिति : २०७९/०१/१५ पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/१२ LT. No. 262455 चलानी नं. ६०१७८६६१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Secuity Guards | 50 | 0 | 1200 | ३४,४९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८० साउन २० गते (5th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

KHOJI RECRUITMENT SERVICES PVT. LTD.

Govt. License 902/067/68

Bijaybasti, Sanepa-2, Lalitpur, Contact: 01-5455896, 5455792

Email: khoji.nepal2022@gmail.com


# एक हप्ते बज्रगुरू जप साधना सम्पन्न



**काठमाडौं (प्रस)-** बौद्धस्थित छयोर्तेन टासी तामाङ गुम्बामा एक हप्ते 'विद्याधर हृदयबिन्दु बज्रगुरु जप साधना' सम्पन्न भएको छ । यही साउन ५ गतेदेखि सुरु भएको साधना शुक्रबार सकिएको हो ।

बौद्ध धर्म गुरु टुल्कु साङ्गे शेडुब तेञ्जिन ठिन्ले पल्साङपो रिन्पोछे र गुम्बाका प्रमुख लामा खेन्पो निमा जाङपो तथा लोपेन गुरुहरूको विशेष सहभागितामा साधना कार्यक्रम सम्पन्न गरिएको आयोजकले जानकारी दिएको छ ।

हरेक दिन विद्याधर हृदयबिन्दु बज्रगुरु जप साधनासँगै विभिन्न विषयमा प्रवचनसमेत भएको थियो । गुम्बाका प्रमुख लामा खेन्पो निमाजाङपो, लोपेन साङ्गेदोर्जे मोक्तान, लोपेन साङ्गे रुम्बालगायतले गुरु रिन्पोछेको जिवनीसँग जोडिएको बौद्ध छयोर्तेनसम्बन्धी धर्म देशना, शरणगमन लगायतका विषयमा प्रवचन दिएका थिए ।

छयोइखोर दुइछेन अर्थात् धर्म प्रवर्द्धन दिवसको अवसरमा आयोजना गरिएको कार्यक्रमको अन्तिम दिन शुक्रबार जिन्सेक पूजा र दिउँसो छे वाङ (आयु अभिषेक) प्रदान गरिएको थियो । कार्यक्रममा विभिन्न जिल्लाबाट दैनिक करिब ३०० जनासम्म भक्तजन सहभागी भएको गुम्बाका अध्यक्ष हरिबहादुर लामाले जानकारी दिए ।

## कांग्रेस–एमालेको...

पृष्ठ १ बाट जारी

लागे । प्रदेश प्रमुखको कार्यालयले कार्कीलाई कामचलाउ मुख्यमन्त्री तोक्नुको साटो चार दिनभित्र नयाँ सरकार गठनको आह्वान गरेको छ । प्रदेश प्रमुख खापुङले दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्न सक्नेलाई मुख्यमन्त्रीमा नियुक्ति गर्नका लागि दाबी पेस गर्न आह्वान गरेका हुन् ।

'वि.सं. २०८० साउन १७ गतेभित्र नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम प्रदेशसभाको बहुमत प्राप्त गर्न सक्ने प्रदेशसभाको सदस्यलाई मुख्यमन्त्री पदमा नियुक्ति गर्नू भन्ने परमादेश जारी भएकाले सोही आधारमा प्रदेश प्रमुखले आह्वान गरिएको हो,' बिहीबार प्रदेश प्रमुखको कार्यालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

**पहिले विरोध, अहिले समर्थन**

सर्वोच्चको आदेशमा कसलाई कमचलाउ मुख्यमन्त्री बनाउने भन्ने विषय प्रस्ट नभएकोले प्रदेश प्रमुख अलमलमा परेकाले चार दिनभित्रै नयाँ सरकार गठनमा लागेको दलका नेताहरू बताउँछन् । गठबन्धन दलका नेताहरू कांग्रेसका थापाकै नेतृत्वमा सरकार बन्ने दाबी गर्छन् । 'गठबन्धनकै सरकार बन्छ,' कांग्रेस कोशी संसदीय दलका नेता भुपेन्द्र राईले भने ।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य डा. शेखर कोइरालाले पनि कोशी सरकार थापाकै नेतृत्वमा गठन हुने बताएका छन् । विराटनगर विमानस्थलमा शुक्रबार साँझ सञ्चारकर्मीसँग कुरा गर्दै कोइरालाले कामचलाउ मुख्यमन्त्रीको रूपमा रहेका थापा कांग्रेस संसदीय दलका नेतासमेत रहेकाले आगामी सात दिनभित्र उनको नेतृत्वमा गठबन्धन सरकार निर्माण हुने विश्वास व्यक्त गरे । यसअघि कोइरालाले सभामुखको हस्ताक्षरसहित सरकार बनेकोमा विरोध गरेका थिए । आफूले विगतमा सभामुखले सरकार निर्माणमा हस्ताक्षर गर्नु गलत हो भन्ने कुरा अहिले पुष्टि भएको चर्चा गर्दै कांग्रेस लोकतन्त्रवादी पार्टी भएकाले यसले अन्य राजनीतिक दललाई यससम्बन्धी पाठ सिकाउने धारणा कोइरालाले राखे ।

यसैबीच कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले कोशी प्रदेशका सभामुख गौतमले पदबाट राजीनामा दिएर सरकार बनाउन सहयोग गर्नुपर्ने बताएका छन् ।

९३ सदस्यीय प्रदेशसभामा अहिलेकै अवस्थामा गठबन्धनले बहुमत पुऱ्याउन सम्भव छैन । प्रदेशसभामा कांग्रेससँग २९, माओवादीसँग १२, एकीकृत समाजवादीसँग चार र जनता समाजवादी पार्टीसँग एक सांसद अर्थात् ४६ जनामात्रै छ । माओवादीबाट सभामुख गौतम छन् । उनले सरकार निर्माण प्रक्रियामा सहभागी हुन नपाउने व्याख्या सर्वोच्चको छ । यसले गर्दा गौतमले सभामुख पदबाट राजीनामा दिएर गठबन्धनको सरकार बन्ने कांग्रेसको दाबी छ । सरकार निर्माण प्रकरणमा गठबन्धनका अरु दल भने मौन छन् ।

# ठेचोका सुकुम्वासीलाई निस्सा वितरण

**पाटन (प्रस)-** गोदावरी नगरपालिका-१२ ठेचोका सुकुम्वासीहरूलाई निस्सा वितरण गरिएको छ । गोदावरी नगरपालिकाका प्रमुख गजेन्द्र महर्जन र वडा १२ का अध्यक्ष जगत महर्जन, जिल्ला समन्वय समिति सदस्य शोभा केसीसहितको उपस्थितिमा भूमि आयोग जिल्ला समिति ललितपुरले ठेचोका पाँचजना भूमिहीन सुकुम्वासीलाई निस्सा वितरण गरेको हो ।

सो अवसरमा नगरप्रमुख महर्जनले भूमि आयोगसँगको समन्वयमा नगरपालिकाभित्रका सबै सुकुम्वासीलाई निस्सा गर्दै आवश्यक प्रक्रिया पूरा गरी जग्गाको लालपुर्जा वितरण गर्ने बताए । 'हामीले गत असार ३१ गते वडा नं ७ देवीचौरका भूमिहीनलाई निस्सा वितरण गरिसकेका छौं, अब बाँकी १२ वटै वडाका भूमिहीनलाई निस्सा वितरणका लागि भूमि आयोग जिल्ला समितिसँग समन्वय भइरहेको छ, करिब एकदेखि दुई महिनाभित्र सबै भूमिहीनहरूलाई निस्सा वितरण सम्पन्न गर्नेछौं,' उनले भने ।

भूमि आयोग जिल्ला समिति ललितपुरका संयोजक श्रीगोविन्द महर्जनले भूमि आयोग ललितपुरले निस्सा वितरणलाई तीव्रताका साथ अगाडि बढाइरहेको बताए । 'ललितपुरका सबै राजनीतिक दल, जनप्रतिनिधि र स्थानीय तहले आवश्यक समन्वय गर्ने हो भने सबै सुकुम्वासी र भूमिहीनलाई निस्सा वितरण गरी लालपुर्जा वितरण गर्न कुनै समस्या छैन । सबैले सहयोग गर्ने हो भने राज्यको नीति र लक्ष्यअनुरूप काम गर्न र भूमिहीन सुकुम्वासीहरूलाई स्थानीय तहले व्यवस्थापन गरेको जग्गाको लालपुर्जा वितरण गर्न कुनै समस्या छैन,' संयोजक महर्जनले भने ।


**ए.बि.पि. सपिङ्ग हाउस (प्रा.लि.)**
**(लिक्वीडेशन) सम्बन्धमा**

**हकदावी गर्न आउने बारे ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ वमोजिम मिति:२०७८।०६।१० मा दर्ता भएको प्रा.लि.नं. २७३२९० को ए.बि.पि. सपिङ्ग हाउस (प्रा. लि.) लाई खारेजी (लिक्वीडेशन) मा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ वमोजिम मिति:२०८०।०३।३१ गतेको विशेष साधारण सभाले निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोही कसैको बाँकी बक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**लिक्वीडेटर**
**श्री शेर वहादुर रोकाया**
**इजाजत पत्र नं. २८७**



सुदूरपश्चिम प्रदेश सरकार

**सामाजिक विकास मन्त्रालय**
**सेती प्रादेशिक अस्पताल**

धनगढी, कैलाली

**बोलपत्र स्वीकृतको आशय सम्बन्धी सूचना**

(सूचना प्रकाशित मिति: २०८०/०४/१३)

यस अस्पतालको प्रयोगशाला सञ्चालनका लागि आवश्यक पर्ने केमिकल एवं किटजन्य सामानहरू आपूर्तिका लागि E-Bidding मार्फत दर्ता भएका तपसिल बमोजिमका फर्महरूले पेश गरेको कबोल अंक (मू.अ.कर बाहेक) आईटमवाईज न्यूनतम मूल्याङ्कित र सारभूतरूपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) अनुसार बोलपत्र स्वीकृत गर्ने आशयको सूचना जारी गरिएको व्यहोरा सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीको लागि अनुरोध छ ।

**तपसिल:**

**ठेक्का नं. SPH/NCB/Goods/11/2079/080**

| Package No. | DB Medicine Center | Ayush Sugichem | Bhagwati Scientific & Trading Orger Suppliers | Hitech Surgicl Supliers | Chamunda Trading House | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | 18994966.90 | 601860.00 | 883799.00 | 1408800.00 | | |
| 2 | 1109792.00 | 81730.00 | | | | |
| 3 | 5439500.00 | | | | | |
| 4 | 8284000.00 | | | | | |
| 5 | 7374000.00 | | | | | |
| 6 | | 2937600.00 | | | | |
| 7 | 8580000.00 | | | | | |
| 8 | 1598000.00 | | | | | |
| 9 | | | | | 2144500.00 | |
| 10 | | 5429000.00 | | | | |
| 11 | 374000.00 | | | | | |
| 12 | | 629250.00 | | | | |
| 13 | 280000.00 | | | | | |
| 14 | 896000.00 | | | | | |
| 15 | | 1953500.00 | | | | |
| 16 | | 142500.00 | | | | |
| 17 | | 54000.00 | | | 111100.00 | |
| 18 | 36500.00 | 54600.00 | | | | |
| 20 A | 1230000.00 | | | | | |
| 20 B | 390000.00 | 2256975.00 | | | | |
| 21 | 563800.00 | 226995.00 | | | | |
| 22 | 277500.00 | | 174000.00 | | | |
| 23 | 11642400.00 | 779500.00 | 429750.00 | | | |
| | **67070458.90** | **15147510.00** | **1487549.00** | **1408800.00** | **2255600.00** | |

**प्र.मे.सु.**
**सेती प्रादेशिक अस्पताल**
**धनगढी, कैलाली**

# पनौतीमा पर्यटक सूचना केन्द्र

**काभ्रे (प्रस)**- काभ्रेपलाञ्चोकको ऐतिहासिक एवं पुरातात्त्विक नगर पनौतीमा पर्यटक सूचना केन्द्र स्थापना गरिएको छ । पनौती पर्यटन विकास केन्द्रको १५औं स्थापना दिवसका अवसरमा सम्पदा क्षेत्र अवस्थित ७ नं वडामा केन्द्रको स्थापना गरिएको हो ।

बागमती प्रदेश सरकारका खानेपानी ऊर्जा तथा सिँचाइमन्त्री तीर्थ लामाले एक कायक्रमका बीच बिहीबार उक्त केन्द्रको कार्यालय उद्घाटन गरे । उनले पनौतीलाई धार्मिकरूपमा चिनाउन, पर्यटकको आगमनलाई वृद्धि गराउन, धार्मिक पर्यटकको बसाइँ लम्ब्याउन आवश्यक रहेको बताउँदै पनौतीलाई विश्व सम्पदामा सूचीकृत गर्ने प्रक्रियामा सहयोग गर्ने बताए ।

सूचना केन्द्रमार्फत पर्यटकलाई पनौती क्षेत्रभित्रका पर्यटकीयस्थलको परिचय दिई घुम्न जाने सवारीसाधनको व्यवस्थापन, पनौती आएका पर्यटकलाई पर्ने समस्यालाई सहज बनाउने तथा सुरक्षासमेत प्रदान गर्ने उद्देश्यले केन्द्र स्थापना गरिएको हो । यस्तै केन्द्रमा पनौतीको सम्पूर्ण पर्यटकीय सूचनालाई व्यवस्थित बनाइने जनाइएको छ । सो अवसरमा पनौतीका नगरप्रमुख रामशरण भण्डारीले पनौती क्षेत्रका पर्यटकीयस्थलको विकास, संरक्षण र सम्वर्द्धनका लागि निरन्तर कार्य भइरहेको बताए । नेपाल उद्योग वाणिज्य संघका केन्द्रीय उपाध्यक्ष सुरकृष्ण वैद्यले पनौतीको विकास र समृद्धिमा पर्यटन क्षेत्रले महत्त्वपूर्ण भूमिका खेल्ने बताए ।

पनौतीलाई धार्मिकरूपले परिचित गराउन भएका प्रयासलाई संस्थागत गरी पटकपटक पर्यटकको आगमन हुने गरी स्थानीयस्तरबाट हुनसक्ने सम्भावनालाई अघि बढाउँदै जाने लक्ष्य लिइएको केन्द्रका अध्यक्ष पुरुषोतम कर्माचार्यले बताए । उनका अनुसार पनौती बजार प्रवेश गरेपछि यहाँको संस्कृति र सभ्यताका बारेमा पर्यटकले राखेको चासोलाई सूचना केन्द्रले पूरा गर्न सकोस् भन्ने उद्देश्य राखिएको छ । पनौतीको दिगो विकासका लागि पर्यटन सूचना केन्द्रले थप सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।

**वन पैदावार बोलपद्धारा लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८०/०४/१३**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम उत्पादन भएको घाटगद्दीमा लट बनाई राखिएको साल र असना जातको गोलिया थान १६२ को ३४०५.०५ घनफिट काठ र साल समेत मिश्रित जातको दाउरा २.०० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत भएको गोलिया काठ चिरान गर्ने स:मिल र काठ, दाउरालाई कच्चा पदार्थको रूपमा प्रयोग गर्ने भेनियर तथा प्लाईउड उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टौस गरिएको छ ।

**जलेश्वरी सामुदायिक वन उपभोक्ता समूह**
**बागमती-७, मकवानपुर**

**वन पैदावार बोलपद्धारा लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८०/०४/१३**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम उत्पादन भएको घाटगद्दीमा लट बनाई राखिएको साल जातको गोलिया थान ८० को ८५२.७१ घनफिट काठ र साल जातको दाउरा १.५० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत भएको गोलिया काठ चिरान गर्ने स:मिल र काठ, दाउरालाई कच्चा पदार्थको रूपमा प्रयोग गर्ने भेनियर तथा प्लाईउड उद्योगले यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**कालेश्वर सामुदायिक वन उपभोक्ता समूह**
**बागमती-९, मकवानपुर**

**वन पैदावार बोलपद्धारा लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८०/०४/१३**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व. २०७८।०७९ र २०७९।०८० मा उत्पादन भएको घाटगद्दीमा लट बनाई राखिएको साल, असना र जामुन जातको गोलिया थान ३९१ को ५१३४.०५ घनफिट काठ र साल समेत मिश्रित जातको दाउरा ३.०० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत भएको गोलिया काठ चिरान गर्ने स:मिल र काठ, दाउरालाई कच्चा पदार्थको रूपमा प्रयोग गर्ने भेनियर तथा प्लाईउड उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**मनकामना सामुदायिक वन उपभोक्ता समूह**
**बागमती-७, मकवानपुर**

**वन पैदावार बोलपद्धारा लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८०/०४/१३**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम उत्पादन भएको घाटगद्दीमा लट बनाई राखिएको साल जातको गोलिया थान ४९ को ६५२.४५ घनफिट काठ र साल जातको दाउरा १.०० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत भएको गोलिया काठ चिरान गर्ने स:मिल र काठ, दाउरालाई कच्चा पदार्थको रूपमा प्रयोग गर्ने भेनियर तथा प्लाईउड उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**दक्षिणकाली सामुदायिक वन उपभोक्ता समूह**
**बागमती-९, मकवानपुर**

**वन पैदावार बोलपद्धारा लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८०/०४/१३**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम उत्पादन भएको घाटगद्दीमा लट बनाई राखिएको साल र असना जातको गोलिया थान ९२ को ११६३.३६ घनफिट काठ र साल समेत मिश्रित जातको दाउरा १.२५ चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत भएको गोलिया काठ चिरान गर्ने स:मिल र काठ, दाउरालाई कच्चा पदार्थको रूपमा प्रयोग गर्ने भेनियर तथा प्लाईउड उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**गणेश सुन्दर सामुदायिक वन उपभोक्ता समूह**
**बागमती-९, मकवानपुर**

## कतारमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : JASMINE FOOD (JOHOR BAHRU) SDN BHD**

पूर्व स्वीकृति मिति २०७९/०७/३० | पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/१२ | LT. No. 275419 | चलानी नं. ६०१९१३४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 10 | 0 | 1500 | ४३,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन २० गते (5th Aug. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

MINAWA RECRUITMENT HR PVT LTD
Govt.Lic. No- 1168/073/074

**MINAWA RECRUITMENT H.R. PVT LTD**
Sinamangal-9, Sambhu Margh, Kathmandu, Nepal
T: +977-01-4112754 | Mobile: 9843030000, E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com

## साउदी अरेबियामा रोजगारको अवसर

**कम्पनी: SAFARI COMPANY**

पूर्व स्वीकृति मिति २०८०/०२/२३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/१२ | LT. No.287396 | चलानी नं. ६०२०२७००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 58 | 0 | 1000 | ३४,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन २० गते (5th Aug. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ६१९/०६३/०६४

**Nasser Outsourcing Consultants Pvt. Ltd.**
Ratopool-9, Kathmandu, nepal, Tel: +977-1-4465090 (6 Line), Fax: +977-1-4411950,
Email: nocnepal@nassers.org

## मलेसिया/कुवेतमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : GOLDEN HORSE SERVICES**

पूर्व स्वीकृति मिति २०७९/१०/१२ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/१२ | LT No :279642 | चलानी नं. ६०१९५६२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaning Workers | 50 | 0 | 1500 | ४३,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**कम्पनी : LADY LASHES BEAUTY FOR LADIES BEAUTY SALON**

पूर्व स्वीकृति मिति २०७९/०९/२६ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/१२ | LT. No. 279247 | चलानी नं.६०१९४८२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Nail Art/hairdresser/manicurist/pedicurist/salon | 0 | 8 | 150 | ६४,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन २० गते (5th Aug. 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने :** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

OMEGA INTERNATIONAL
Govt. License No. 1352/074/075

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

**कम्पनी : MENTIGA PLANTATION SDN BHD**

पूर्व स्वीकृति मिति २०८०/०१/१४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/१२ | LT. No. 285530 | चलानी नं. ६०२००९५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Estate Worker | 3 | 0 | 1500 | ४३,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन २० गते (5th Aug. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

GLOBAL DYNAMIC MANPOWER SOLUTIONS PVT. LTD.
श्रम ईजाजत नं.१५९४/०७९/८०

**Global Dynamic Manpower Solution Pvt. Ltd**
Sinamangal-9, Kathmandu, Nepal. Contact: +977- 9806931497
E-mail: globaldynamics1594@gmail.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

**कम्पनी : ULTIMATE MACHINING SOLUTIONS (M) SDN BHD**

पूर्व स्वीकृति मिति: २०७९/०४/१४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/१२ | LT. No.268139 | चलानी नं. ६०१८४०२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 1 | 0 | 1500 | ४३,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन २१ गते (6th Aug. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 1211/073/074

**आशिर्वाद ओभरसिज प्रा. लि.**
बसुन्धारा, काठमाडौं, नेपाल फोन नं. +९७७-१-४९८४६३०, ५९०१५८६
फ्याक्स ०१-४३८४५५० मोबाइल नं. ९८५१०६७३५१ ९८०११३०८९२ र ९८६६९९९९२९
इमेल : hraashirbad@gmail.com Website : www.aahirbadovs.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

**कम्पनी : DOUBLE THREE SECURITY SVS SDN BHD**

पूर्व स्वीकृति मिति: २०८०/०४/१२ | LT. 290153 | चलानी नं. ६०२०५३०८

| 1 | Baker | 3 | 2 | 200 | ८५,४१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Bell Boy | 3 | 2 | 110 | ४७,०३५ | | | | | | | |
| 3 | Commis (Butchery) | 3 | 2 | 120 | ५१,३१० | | | | | | | |
| 4 | Commis (Cold Kitchen) | 3 | 2 | 120 | ५१,३१० | | | | | | | |
| 5 | Commis (Hot Kitchen) | 3 | 2 | 120 | ५१,३१० | | | | | | | |
| 6 | Commis (Pastry Kitchen) | 3 | 2 | 120 | ५१,३१० | | | | | | | |
| 7 | Driver Heavy | 2 | 0 | 180 | ७६,९६५ | | | | | | | |
| 8 | Driver Light | 2 | 0 | 150 | ६४,१४० | | | | | | | |
| 9 | F&b Executive | 1 | 1 | 180 | ७६,९६५ | | | | | | | |
| 10 | Hk Attendant | 10 | 10 | 120 | ५१,३१० | | | | | | | |
| 11 | Hvac Technician | 2 | 0 | 200 | ८५,४१५ | | | | | | | |
| 12 | Kitchen Equipment Technician | 2 | 0 | 200 | ८५,४१५ | | | | | | | |
| 13 | Laundry Attendant | 5 | 5 | 100 | ४२,७६० | | | | | | | |
| 14 | Laundry Equipment Specialist | 2 | 0 | 200 | ८५,४१५ | | | | | | | |
| 15 | Life Guard | 2 | 0 | 130 | ५५,५८५ | | | | | | | |
| 16 | Pastry / Bakery | 1 | 0 | 150 | ६४,४१० | | | | | | | |
| 17 | Plumber | 2 | 0 | 200 | ८५,४१५ | | | | | | | |
| 18 | Steward | 10 | 0 | 100 | ४२,७६० | | | | | | | |
| 19 | Waiter/waitress | 10 | 10 | 120 | ५१,३१० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन २० गते (5th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले   सेवा शुल्कः निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३०१/०५९/०६०

**Supreme Overseas Pvt. Ltd.**
Koteshwor-35, Kathmandu, Nepal.
Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com,
Web: www.supremeoverseas.com.np


# फौजदारी विधेयक पारित नगर्न आग्रह

**काठमाडौं (प्रस)-** मानवअधिकार तथा शान्ति समाजको प्रतिनिधिमण्डलले सभामुख देवराज घिमिरे र राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनासँग भेटगरी संसद्मा प्रस्तुत मुलुकी फौजदारी कार्यविधिसंहिता, २०७४ को संशोधन विधेयकप्रति ध्यानाकर्षण गराएको छ ।

सभामुख र अध्यक्षको कार्यालय सिंहदरबारमा शुक्रबार भएको छुट्टाछुट्टै भेटमा शान्ति समाजका अध्यक्ष रामकृष्ण बरालले ज्ञापनपत्र प्रस्तुत गर्दै विधेयक तर्जुमा गर्दा नै लोकतन्त्र र आधारभूत स्वतन्त्रताका मूल्यप्रति संवेदनशील हुँदै नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय मानवअधिकार/मानवीय कानुन अनुकूल हुनुपर्नेतर्फ ध्यानाकर्षण गराएको जानकारी दिए ।

संशोधन विधेयक पारित भएमा हिंसालाई वैधानिकता प्रदान गर्ने खतरा उनले बताए ।


**हेली साइट (प्रा.लि.)**
**(लिक्वीडेशन) सम्बन्धमा**

**हकदावी गर्न आउने बारे ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ वमोजिम मितिः२०७४।०५।११ मा दर्ता भएको प्रा.लि.नं.१७३९६१ को हेली साइट (प्रा. लि.) लाई खारेजी (लिक्वीडेशन) मा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ वमोजिम मितिः२०८०।०३।३१ गतेको विशेष साधारण सभाले निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोही कसैको बाँकी बक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धीत सबैको जानारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**लिक्वीडेटर**
**श्री शेर वहादुर रोकाया**
**इजाजत पत्र नं. २८७**

# प्रभाव दैनिक

शनिबार, १३ साउन २०८० (Saturday, July 29, 2023)


रूपशाला

### 'रंगेली ग्याङस्टार'मा भित्रिइन् मिरूना

फिल्म 'रंगेली ग्याङस्टार'मा अभिनेत्री मिरूना मगर भित्रिएकी छन् । निर्माण युनिटले फिल्मको मुख्य भूमिकाको लागि उनलाई भित्र्याएको हो । आगामी भदौ २० गतेबाट छायांकनमा निस्कन लागेको फिल्मका लागि यसअघि अभिनेता अर्पण थापा छनौट भएका थिए । फिल्म अर्जुन सुवेदीको लेखन तथा निर्देशनमा तयार भएको हो । फिल्मका लागि बाँकी कलाकारहरू अडिसनबाट छनौट हुँदैछ । अडिसनका लागि यही साउन २१ गते पूर्वाञ्चल इन्स्चिच्युट अफ फिल्म एन्ड टेलिभिजनमा फिल्मको अडिसन राखिएको छ । ग्याङस्टर कथावस्तुमा बन्न लागेको फिल्मको छायांकन पूर्वी मोरङको रंगेलीमा हुनेछ । फिल्मका कार्यकारी निर्माता अनोज जंग थापा हुन् ।



## सञ्चारकर्मी स्याङतानको 'डम्फुको आत्मालाप' सार्वजनिक




■ प्रभाव संवाददाता

**काठमाडौं–** सञ्चारकर्मी भक्त स्याङतानको पहिलो कृति 'डम्फुको आत्मालाप' सार्वजनिक भएको छ । शुक्रबार बत्तीसपुतलीस्थित शिल्पी थियटरमा आयोजित समारोहमा प्राध्यापक अरुण गुप्तो, उपप्राध्यापक एवं निबन्धकार कुमारी लामा, नेपाल टेलिभिजनका महाप्रबन्धक फूलमान बल, लेखक स्याङतानलगायतले संयुक्तरूपमा पुस्तक सार्वजनिक गरेका हुन् ।

कार्यक्रममा पुस्तकमाथि टिप्पणी राख्दै प्राध्यापक गुप्तोले तामाङ समुदायको विविध पक्षलाई बुझ्ने अवसर पुस्तकमा पाइने बताए । उनले तामाङ सभ्यतालाई लेखकले बिम्ब र चित्रलिपिमा बुझिनेगरी प्रस्तुत गरिएको बताउँदै प्रशंसा गरे ।

निबन्धकार लामाले तामाङ जातिको पहिचान र वास्तविक चित्र पुस्तकमा पाइने बताइन् । यस पुस्तकमार्फत तामाङ समुदायको इतिहासलाई दस्तावेजीकरण तथा पहिचानको सवाललाई उजागर गर्न लेखक सफल भएको उनले बताइन् ।

नेपाल टेलिभिजनका महाप्रबन्धक बलले राज्यबाटै दबाइएको तामाङ जातिको इतिहासदेखि वर्तमान अवस्थालाई समेटेर लेखकले पुस्तक प्रकाशनमा ल्याएको भन्दै प्रशंसा गरे । 'विगतदेखि नै राजनीतिक तथा विभिन्न क्षेत्रमा तामाङहरू कुन बाटोमा अगाडि जाने भन्ने अलमलमा रहेको अवस्था थियो, यो पुस्तकले स्पष्ट मार्ग पहिचान गरिदिएको छ,' उनले भने, 'राज्यको दमनमा परेका तामाङ समुदायले आजसम्म पनि आफ्नो पहिचानका लागि संघर्ष गरिरहेको वास्तविकता पुस्तकमा उजागर गरिएको छ ।'

तामाङ समुदायको विषयमा केन्द्रित रहेर लेखिएको उक्त पुस्तक साङ्ग्रिला बुक्सले प्रकाशन गरेको हो । पुस्तकमा लुङ्दर, छ्योर्तेन, न्होरला, छेदिङमो, जलजला, म्लाङगैको आपा, पेम्बाको कथा, दलुचा, डम्फुको आत्मालाप, याम्बुमा लाक्पाको संघर्ष, बुट्टे गलबन्दी शीर्षकका ११ कथा समेटिएका छन् ।

## प्रदर्शनको तेस्रो सातामा 'बगान'

■ प्रभाव संवाददाता

**काठमाडौं–** फिल्म 'बगान' प्रदर्शनको तेस्रो सातामा प्रवेश गर्न सफल भएको छ । फिल्म उपत्यका तथा मोफसलका केही हलमा तेस्रो सातामा प्रवेश गर्न सफल भएको हो ।

निर्माण युनिटले केही दिन अगाडि फिल्मको ७० लाख ग्रास कलेक्शन रिपोर्ट सार्वजनिक गरेको थियो । हालसम्म फिल्मले एक करोड नजिकको ग्रस कलेक्शन गरेको बताइएको छ ।

अभिनेता सरोज खनालले निर्देशन गरेको फिल्ममा करिश्मा मानन्धर, आकाश श्रेष्ठ, प्रमिला कार्की, नीर शाह, बसुन्धरा भुषाल र मिथिला शर्मा लगायतको अभिनय छ । निर्देशक खनालको पनि फिल्ममा मुख्य भूमिका छ । अभिनेत्री कार्कीले यहि फिल्मबाट अभिनयमा डेब्यु गरेकी हुन् ।

स्वप्निल नीरवको कथामा निर्माण भएको फिल्म नेपाली वेबसाइट डटकमले निर्माण गरेको हो । 'बगान' का निर्माता सुरेश वाग्ले हुन् भने कार्यकारी निर्माता विनोद मानन्धर रहेका छन् ।

हरि लम्साल र सुवास भुषालको संगीत रहेको फिल्म एकल आमाहरूले देशको जुनसुकै हलमा पनि फ्रिमा हेर्न सकिने व्यवस्था गरिएको छ ।



## जीवन र सकीको बरपिपलझैं सँगै रहने वाचा

**काठमाडौं (प्रस)–** अभिनेता जीवन गिरी र मोडल सकी इटानीले जीवनभर वरपिपल झैंसँगै बाच्ने बाचा गरेका छन् । दुवैले रियल जीवनमा भन्दा पनि रिल जीवन अर्थात् 'जीवन साथी' बोलको गीतको भिडियो अभिनयमा उक्त बाचा गरेका हसन् ।

रोमान्टिक शैलीको गीतमा जीवन र सकी रोमान्टिक प्रेम जोडीको रूपमा प्रस्तुत भएका छन् । जसमा दुवैको केमेस्ट्रि सुहाउँदो छ । हिमाल सागर र अनु चौधरीको स्वर रहेको गीतमा शब्द तथा संगीत टीका बम्जनको छ, भने एरेन्ज सहस शाक्यले गरेका हुन् ।

नवराज उप्रेतीको छायांकन, मनोज कार्कीको सम्पादन रहेको गीतको भिडियो मौसम हिमालले निर्देशन गरेका हुन् । अभिनेता जीवनले 'एउटा साथी' लगायत केही फिल्म अभिनय गरेका छन् । फिल्मको अलवा जीवन म्युजिक भिडियोमा पनि बाक्लै देखिने गरेका छन् ।

## 'जय हो'को नयाँ गीत 'राजा–रानी' सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं–** आगामी भदौ ८ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'जय हो'को नयाँ गीत 'राजा-रानी' सार्वजनिक गरिएको छ । शुक्रबार एक कार्यक्रमका बीच सार्वजनिक गरिएको रोमान्टिक थिमको गीतमा अभिनेता सलोन बस्नेत र अभिनेत्री केकी अधिकारी प्रस्तुत छन् । गीतले उनीहरूको प्रेमभाव बोल्छ । गीतमा सागर आले मगर र सदिक्ष्या कट्टेलको स्वर छ भने सागर स्वयंको शब्द तथा संगीत छ ।

गीत सार्वजनिक भएसँगै सलोन शुक्रबार साँझ अष्ट्रेलियातर्फ जाँदैछन् । फिल्मको प्रदर्शनका लागि उनी अष्ट्रेलिया जान लागेका हुन् । यसैले उनी उड्नुभन्दा अगाडि निर्माण टिमले पत्रकारसँग भेटघाट गर्दै नयाँ




गीत सार्वजनिक गरेको हो । अष्ट्रेलिया जाने निश्चित भएपछि सलोन दुई हप्ता फिल्मको प्रचारमा राम्रै खटेका थिए । अब फिल्मको प्रचारमा अरु कलाकार सक्रिय हुने जनाइएको छ ।

टेक पौरखी राईद्वारा निर्देशित फिल्ममा केकी र सलोनसँगै माओत्से गुरुङ, निशा अधिकारी, अर्पण थापा, प्रेम पाण्डे, दिपा शाक्य श्रेष्ठ, सुवी मगर, सुमिन गुरुङ, सुशान्त श्रेष्ठको पनि अभिनय रहेको छ । शोभित बस्नेत प्रस्तुतकर्ता रहेको फिल्ममा सम्राट बस्नेतको द्वन्द्व निर्देशन, कविराज गहतराज र रामजी लमिछानेको कोरियोग्राफी, बनिश शाहको सम्पादन र समीर मियाँको भीएफएक्स छ ।

फिल्ममा सुरेश न्यौपानेको कथा लेखन, सौरभ लामाको छायांकन, शम्भुजित बाँस्कोटा र सागर आले मगरको संगीत छ । फिल्मका निर्माता राज के अधिकारी र सुरज सरकार हुन् । सलोन सलिना फिल्म्सको ब्यानरमा निर्माण भएको फिल्मको प्रोडक्सन डिजाइनर केबलमान सिङ बस्नेत र मुख्य सहायक निर्देशक दिप्तप्रकाश अधिकारी हुन् । फिल्मलाई मुस्ताङ र पोखरा क्षेत्रमा खिचिएको हो ।



## राष्ट्रिय फुटबल टोलीमा तीन खेलाडी थपिए







■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय फुटबल टोलिका मुख्य प्रशिक्षक भिन्सेन्जो अल्बर्टो एनेसले फिफा विश्वकप फुटबल-२०२६ र एएफसी एसियन कप-२०२७ को एसिया छनोटका लागि प्रारम्भिक टोलीमा तीन खेलाडी थपेका छन् ।

थपिएका खेलाडीमा फ्रेन्ड्स क्लबमा मिडफिल्डर सन्तोष खत्री, कुशल फुयाल र जावलाखेल युथ क्लबका फरवार्ड हिसुब थपलियालाई राष्ट्रिय टोललीको प्रारम्भिक टोलीमा थप्नुभएको हो । यस तीन खेलाडी थपिएसँगै अब प्रारम्भिक टोलीमा ३३ सदस्यीय टोली बनेको छ ।

प्रशिक्षक भिसेन्जोले तीन खेलाडीको आत्मविश्वास बढाउन राष्ट्रिय टोलीमा स्थान दिएको बताए । नेपालको राष्ट्रिय फुटबल टोलीले विश्वकप र एसिया कप छनोटको प्रारम्भिक चरणमा लाओससँग खेल्नेछ ।

नेपाल र लाओसबीचको खेल होम एन्ड अवे गरी दुई खेल हुनेछ । जसमा पहिलो लेग अक्टोबर १२ तारिखमा हुनेछ भने दोस्रो लेग अक्टोबर १७ तारिखमा हुनेछ । यस खेलमा नेपालले विजयी हासिल गरेमा दोस्रो चरणमा प्रवेश गर्नेछ । नेपाली टोलीले आगामी अगष्ट १ तारिखदेखि बन्द प्रशिक्षणको सुरुआत गर्ने जनाएको छ । प्रारम्भिक चरणमा छनोट भएका नेपाली टोलीको गोलकिपरमा किरण लिम्बु, अनिष देउला, दीप कार्की र अभिषेक बराल छन् ।

त्यस्तै डिफेन्डरमा बिमल पाण्डे, सनिष श्रेष्ठ, अनन्त तामाङ, देबेन्द्र तामाङ, अशिष श्रेष्ठ, रोहित चन्द, सिमान्त थापा, अन्जल महर्जन, छिरिङ लामा र अन्जन राई छन् ।

मिडफिल्डरमा एरिक विष्ट, सुदीप गुरुङ, लाकेन लिम्बु, आभाष लामिछाने, उत्सब राई, बिशाल तामाङ, बिबेक पौडेल, कृतिश रत्न छुन्जु, सन्तोष खत्री र कुशल फुयाल छन् भने फरवार्डमा आयुश घलान, नवयुग श्रेष्ठ, अन्जन विष्ट, मनिष डाँगी, आषिश चौधरी, बिमल घर्तिमगर, जिलेस्पी जंग कार्की, दिनेश हेन्जन र हिशुब थपलिया रहेका छन् ।

## एसियाली खेलकुदका लागि पुरुष क्रिकेट टोलीको घोषणा




**काठमाडौँ (प्रस)–** चीनको हाङ्झोउमा आयोजना १९औं एसियाली खेलकुद प्रतियोगिताका लागि नेपाली पुरुष क्रिकेट टोलीको घोषणा गरिएको छ । नेपाल क्रिकेट संघ (क्यान) ले एसियाली खेलकुदमा प्रतिनिधित्व गराउन १५ सदस्यीय टोलीको नाम राष्ट्रिय खेलकुद परिषद् (राखेप) मा पठाएको हो ।

नेपाली टोलीमा रोहितकुमार पौडेल (कप्तान), कुशल भुर्तेल, दीपेन्द्रसिंह ऐरी, आसिफ शेख, कुशल मल्ल, गुलशन झा, करण केसी, अभिनाश बोहरा, सन्दीप लामिछाने, ललित राजवंशी, विवेककुमार यादव, प्रतिश जीसी, सोमपाल कामी, सन्दीप जोरा र विनोद भण्डारी रहेका छन् ।

तीनजना खेलाडीले लामो समयपछि राष्ट्रिय टोलीमा पुनरागमन गरेका हुन् । विनोद भण्डारी, अभिनाष बोहरा र विवेक यादवले लामो समयपछि टोलीमा स्थान पाएका हुन् । आरिफ शेख, ज्ञानेन्द्र मल्ल र भीम सार्कीलाई भने टोलीमा समावेश गरिएको छैन ।

एसियाली खेलकुदमा टीट्वान्टी ढाँचाको क्रिकेट प्रतियोगिता समावेश गरिएको छ । एसियाली खेलकुदको १९औं संस्करण आगामी सेप्टेम्बर २३ देखि अक्टोबर ८ तारिखसम्म चीनको हाङ्झोउमा आयोजना हुँदै छ ।

## पपुवान्युगिनी विश्वकपमा छनोट

■ प्रभाव संवाददाता

**काठमाडौं–** पपुवा न्युगिनी(पीएनजी) आगामी वर्ष वेस्ट इन्डिज र अमेरिकामा आयोजना हुने टी-ट्वान्टी विश्वकपमा छनोट भएको छ। इस्ट एसिया प्यासिफिक छनोटमा एक खेल अगावै उपाधि जित्दै पीएनजीले विश्वकपमा स्थान बनाएको हो ।

शुक्रबार फिलिपिन्सलाई १ सय रनको फराकिलो अन्तरले हराउँदै पीएनजीले विश्वकपमा स्थान पक्का गरेको हो ।

पीएनजीले दोस्रो पटक टीट्वान्टी विश्वकपमा स्थान बनाएको हो । यसअघि पीएनजीले २०२१ मा पनि टी-ट्वान्टी विश्वकप खेलेको थियो ।

पीएनजीको छनोटसँगै विश्वकपमा सहभागी रहने १५ देशको टुगों लागि सकेको छ । ५ टोलीको भने छनोट हुन बाँकी रहेको छ ।

अहिलेसम्म टी-ट्वान्टी विश्वकप २०२४ खेल्ने पक्का भएका १५ देशहरूमा अमेरिका, वेस्टइन्डिज, अष्ट्रेलिया, इंग्ल्यान्ड, भारत, नेदरलयान्ड्स, न्युजिल्यान्ड, पाकिस्तान, दक्षिण अफ्रिका, श्रीलंका, अफगानिस्तान, बंगलादेश, स्कटल्यान्ड, आयरल्यान्ड र पपुवा न्युगिनी रहेका छन् ।

अमेरिका क्वालिफायर्सबाट एक, एसिया क्वालिफायर र अफ्रिका क्वालिफायरबाट समान दुई टोलीले विश्वकपमा स्थान बनाउनेछन् ।

## हेमन्त र सञ्जयले जुनियर च्याम्पियनसिप खेल्ने

**काठमाडौं (प्रस)–** एसियाली जुनियर भारोत्तोलन च्याम्पियनसिपमा दुई खेलाडीले प्रतिस्पर्धा गर्ने भएका छन् ।

भारतको नयाँ दिल्लीस्थित नोयडामा हुने प्रतियोगितामा नेपालबाट दुई खेलाडीले सहभागीता जनाउने भएका हुन् ।

भारत जाने दुई खेलाडी सहित ४ सदस्यीय नेपाली टिमको शुक्रबार बिदाई गरिएको छ । नेपाली टिम आईतबार भारतको नयाँ दिल्ली प्रस्थान गर्ने कार्यक्रम रहेको छ। जुलाई २६ तारिखदेखि सुरु भएको प्रतियोगितामा २ पुरुष खेलाडीले नेपालको चुनौती प्रस्तुत गर्ने छन् । ७३ केजीमा हेमन्त



पाल तथा ९६ केजीमा सञ्जय यादवले प्रतिस्पर्धा गर्ने छन् ।

हेमन्तले अगष्ट १ तथा सञ्जयले अगष्ट २ तारिखमा खेल्ने छन् । दुवैको यो 'डेब्यु' अन्तर्राष्ट्रिय प्रतियोगिता हो । प्रशिक्षकमा सञ्जय महर्जन तथा व्यवस्थापकमा रामसुन्दर श्रेष्ठ रहेका छन् । टोलीलाई राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव टंकलाल घिसिङ, नेपाल ओलम्पिक कमिटीका महासचिव निलेन्द्रराज श्रेष्ठ र सचिव रामजीबहादुर श्रेष्ठ तथा नेपाल भारोत्तोलन संघका अध्यक्ष रामकृष्ण श्रेष्ठले शुक्रबार एक कार्यक्रमबीच बिदाइ गरेका थिए ।



**रोपाइँको तयारी** | भारतको उत्तरपूर्वी राज्य आसामको नागाउँ जिल्लामा रोपाइँ गर्नका लागि धान बीउ उखेल्दै किसान। *तस्बिरः सिन्ह्वा*

# नेत्री सुचीलाई कारागारबाट सारियो



**यांगुन-** सन् २०२१ को सैनिक विद्रोहमा अपदस्थ गरिएकी म्यान्माकी प्रजातन्त्रवादी नेत्री आङ सान सुचीलाई कारागारबाट सरकारी भवनमा सारिएको छ।

नेसनल लिग फर डिमोक्रेसीका एक अधिकारीका अनुसार सोमबार राति नेत्री सुचीलाई उच्चस्तरीय परिसरमा सारिएको हो। उनले तल्लो सदनका सभामुख ती खुन म्याटसँग भेटवार्ता पनि गरेको छ। उनले चीनका एसियाली मामिलासम्बन्धी विशेष दूत देङ सिजुआनलाई पनि भेट्ने सम्भावना रहेको ती अधिकारीले पुष्टि गरेका छन्। यसै महिना थाइल्यान्डका विदेशमन्त्रीले उनीसँग भेटवार्ता गरेका थिए।

म्यान्मामा विकसित पछिल्लो घटक्रमबारे जानकार एक अर्का अधिकारीका अनुसार नेत्री सुचीलाई राजधानी नेपिटस्थित विशिष्ट व्यक्ति आवासमा उनलाई सारिएको छ। निर्वाचित नेत्री सुचीलाई अपदस्थ गरिएसँगै देशमा भड्केको हिंसामा परी तीन हजार ८०० भन्दा बढीको मृत्यु भएको छ भने १० लाखभन्दा बढी विस्थापित भएका छन्।

हिरासतमा रहेकी ७८ वर्षीय नोबेल पुरस्कार विजेता सुचीको स्वास्थ्यलाई लिएर चिन्ता व्यक्त भएको छ। उनीमाथि भ्रष्टाचार, गैरकानुनीरूपमा वाकीटकी राखेको, कोरोना महामारीमा जारी गरिएका प्रतिबन्धको पालना नगरेकोलगायत आरोपमा ३३ वर्षको जेल सजाय सुनाइएको छ। *रासस/एएफपी*

# नाइजरको सैन्य विद्रोह अन्तिम होइनः फ्रान्स



**नियामे-** फ्रान्सले पश्चिम अफ्रिकी मुलुक नाइजरमा बुधबार राति भएको सैनिक विद्रोह अन्तिम नभएको उल्लेख गर्दै त्यसमा सैन्य अधिकारको समर्थन भएकाले सत्ता विप्लवमा लागेकाले जितेका बताएको छ।

नाइजरलाई उपनिवेश बनाएको फ्रान्सले वर्तमान परिस्थितिको विश्लेषण गर्दै सैन्य विद्रोहलाई अन्तिम मान्न नसकिने बताएको हो। सबै सैन्य अधिकारी एकताबद्ध नरहेका संकेत गर्दै फ्रान्सेली विदेशमन्त्री क्याथरिन कोलोनाले उक्त कुरा बताएकी हुन्।

सेनाको एक टोलीले राष्ट्रिय टेलिभिजनबाट विद्रोहको घोषणा गर्दै राष्ट्रपतिलाई अपदस्त गरेको दाबी गरेको छ। सैन्य टोलीले राष्ट्रपति मोहम्मद बाजुमलाई बुधबार बिहानैदेखि सेनाले नियन्त्रणमा लिएको छ भने देशको संविधान विघटनका साथै सबै संस्था निलम्बन गरिएको घोषणा पनि गरेको छ।

फ्रान्सेली विदेशमन्त्रीले सैनिक घेरामा राष्ट्रपति निवासमा रहेका राष्ट्रपति बाजुमसँग राष्ट्रपति इम्यानुएल म्याक्रोँले टेलिफोन वार्ता गरेको जानकारी दिँदै बन्दी बनाइएका राष्ट्रपति स्वस्थ रहेको बताएकी छन्। 'नाइजरका राष्ट्रपतिसँग सम्पर्क कायम गर्न सकिन्छ, उहाँ अगम्य हुनुहुन्न,' उनले भनेकी छन्।

अफ्रिकी तथा अन्य अन्तर्राष्ट्रिय संस्था, नाइजरका सहयोगी जर्मनी संयुक्त राज्य अमेरिका, युरोपेली संघ, फ्रान्सलगायत देशका साथै संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले सैन्य विद्रोहको निन्दा गर्दै राष्ट्रपति बाजुमलाई अविलम्ब रिहा गर्न आह्वान गरेका छन्।

सैनिक घेरामा रहेका नाइजरका राष्ट्रपति मोहम्मद बाजुमले ठूलो संघर्षबाट प्राप्त लोकतन्त्रलाई जोगाउने प्रतिबद्धता व्यक्त गरेका छन्। सामाजिक सञ्जालमार्फत उनले प्रजातन्त्र र स्वतन्त्रताका पक्षधर सबै नाइजसवासी आफ्नो पक्षमा रहेका बताएका हुन्। उनले लोकतन्त्रका निम्ति साहसपूर्वक लड्ने दृढता पनि व्यक्त गरेका हुन्।

नाइजरका विदेशमन्त्री हसौमी मसुदुउले देशको वैध शक्ति निर्वाचित राष्ट्रपति भएकाले विद्रोहमा उत्रेका सबै सिपाहीलाई काममा फर्कन र वार्ताका माध्यमबाट समस्याको निकास खोज्नुपर्नेमा जोड दिएका छन्। उनले गणतन्त्रको विपक्षमा जान नसकिने पनि स्पष्ट गरेको छ।

भूपरिवेष्ठित राष्ट्र नाइजर विश्वकै निर्धनतम राष्ट्रमध्येको एक हो। सन् १९६० मा फ्रान्सबाट स्वतन्त्र भएपछि चारपटक यस्ता विद्रोह भइसकेका छन्। राष्ट्रपति बाजुमविरुद्ध पनि दुईपटक विद्रोह भएको छ। *रासस/एएफपी*

# २० वर्षपछि महिलालाई मृत्युदण्ड

**सिंगापुर-** अपराध नियन्त्रण गर्न मृत्युदण्ड प्रभावकारी हुने दाबी गर्दै आएको सिंगापुरले लागुऔषध तस्करीमा दोषी ठहरिएकी एक महिलालाई शुक्रबार मृत्युदण्ड दिएको छ।

एम्नेष्टि इन्टरनेसनललगायत मानवअधिकारवादी संस्थाले प्राणहरणको उक्त दण्ड स्थगनका निम्ति गरेको अपिललाई बेवास्ता गर्दै ५० ग्राम हेरोइन तस्करी गरेको अभियोगमा दोषी ठहर भएकी ४५ वर्षीया सरिदेवी जामानीलाई फाँसी दिएको हो।

सिंगापुरले २० वर्षपछि पहिलोपटक महिलालाई झुन्डयाएर मृत्युदण्ड दिएको हो। सन् २०२२ को मार्चदेखि कार्यान्वयन गरिएको यो १५औं मृत्युदण्ड हो। २० वर्षअघि यस्तै प्रकृतिको अपराधमा केशकर्तन एवं सौन्दर्य सेवा प्रदायक केन्द्रमा काम गर्ने ३६ वर्षीय एक महिलालाई झुन्डयाइएको थियो।

लागुऔषध नियन्त्रण कार्यालयले एक विज्ञप्ति निकालेर जामानीलाई मृत्युदण्ड दिइएको पुष्टि गरेको छ। हेरोइन तस्करीमा दोषी मानिएका ७९ वर्षका मोहम्मद अजिज बिन हुसेनलाई गत बुधबार चंगी जेलमा मृत्युदण्ड दिइएको थियो।

विश्वका धेरै देशले मृत्युदण्डको सजाय परित्याग गर्दै लागुऔषधसम्बन्धी मुद्दा सम्बोधनका निम्ति उदार नीति अंगीकार गरिरहेको परिप्रेक्ष्यमा सिंगापुरले त्यसलाई मनन नगर्नु दुर्भाग्यपूर्ण भएको एम्नेस्टीले बताएको छ। लागुऔषध नियन्त्रणको नाममा मृत्युदण्ड दिने क्रम जारी राख्नु अनुचित भएको टिप्पणी पनि एम्नेस्टीले गरेको छ।

कोभिड-१९ को महामारीमा दुई वर्षको अन्तरालपछि सरकारले फाँसीको सजाय पुनःकार्यान्वयन गरेको हो। अधिकारवादी संगठन ट्रान्सफर्मेटिभ जस्टिस कलेक्टिभ (टिजेसी)ले अगामी बिहीबार लागुऔषध मुद्दाका अर्का दोषीलाई मृत्युदण्डको सजाय हुन लागेको जनाएको छ। पचास ग्राम हेरोइन तस्करी गरेको आरोपमा सन् २०१६ मा पक्राउ परेका उनलाई २०१९ मा अदालतले मृत्युदण्डको फैसला सुनाएको हो।

गत बुधबार र शुक्रबार झुन्डयाइएकाहरूलाई आममाफी दिन त्यो सम्भव नभए प्राणदण्डको सट्टा त्यसलाई आजीवन कारवासको सजायमा रूपान्तरण गर्न राष्ट्राध्यक्षसमक्ष अपिल पनि गरिएको थियो। *रासस/एएफपी*

# फिलिपिन्समा डुंगा दुर्घटना, ३० जनाको मृत्यु

**मनिला-** क्षमताभन्दा धेरै यात्री बोकेको यात्रुबाहक एउटा डुंगा फिलिपिन्सको राजधानी मनिला नजिक रहेको एउटा तालमा दुर्घटना हुँदा ३० जनाको मृत्यु भएको छ भने ४० जनाको उद्धार गरिएको छ। बयालीस जना यात्री क्षमताको उक्त डुंगामा ७० जना सवार थिए।

तालमा हुरी चलेको त्यसबाट त्रस्त अधिकांश यात्री डुंगाको एकभागमा एकत्रित हुँदा सन्तुलन बिग्रेर दुर्घटना भएको फिलिपिन्सका तटरक्षकले बताएका छन्। डुंगामा अन्य यात्री पनि रहेका आशंका गरिएको छ।

बिनगोनान नगरपालिकाको बन्दरगाहबाट लागुना तालमा रहेको टापुतर्फ गइरहेका बेला बिहीबार अपराह्न उक्त दुर्घटना भएको हो। ७०० भन्दा बढी टापु भएको फिलिपिन्समा जल यातायात सुरक्षा नियम पालना नहुँदा बर्सेनि सयौंले ज्यान गुमाउने गरेका छन्। *रासस/एएफपी*


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PRO SERVICE CLEANING

पूर्व स्वीकृति मिति : २०८०/०४/११ | LT. No. 288761 | चलानी नं. ६०२०५२९०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Dry Clean Worker | 0 | 1 | 1000 | ३६,३१0 | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ बर्ष |
| 2 | Gen Clean Worker | 0 | 4 | 1000 | ३६,३१0 | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन २०/२१ गते (5/6th Aug. 2023) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

**Jassim Trading And Services Pvt. Ltd.**

Govt. License No: 332/059/060

G.P.O Box : 8974, Airport Road, Kathmandu, Nepal
Tel.: 01-4568845, 9805678135, 9805678136
Email: jassimtrd@gmail.com, Website: www.jassim.com.np


# नर्वेली महिला र नेपाली पथप्रदर्शकले बनाए १४ हिमाल आरोहणको कीर्तिमान

**इस्लामावाद-** एक जना नर्वेली महिला र उनको नेपाली पथप्रदर्शकले आठ हजार मिटरभन्दा माथिका विश्वका सबै हिमशिखर सबैभन्दा छोटो समयमा आरोहण गरेर कीर्तिमान कायम गरेका छन्।

क्रिस्टिन हरिला र लामा भनेर चिनिने तेञ्जिन शेर्पाले तीन महिना एक दिनमा विश्वका सबै आठ हजार मिटरभन्दा माथिका शिखर चढेका आरोहण टोलीले बिहीबार एक विज्ञप्ति निकालेर बताएको छ।

क्रिस्टिन र तेञ्जिनले पाकिस्तानको के-टुको सफल आरोहण गरेसँगै सन् २०१९ मा निर्मल पुर्जाले छ महिना छ दिनको कीर्तिमान भंग भएको छ। हाल निर्मल पुर्जा अक्सिजनविना सबै १४ वटा चुचुरोमा सबैभन्दा छिटो समयमा आरोहण गर्ने प्रयासमा छन्।

'क्रिस्टिन र तेञ्जिनबीचको सहकार्य, दृढ संकल्प, समूहगत कार्य र साहसलाई प्रतिविम्बित गरेको छ जसले सिमाना र संस्कृतिलाई पार गर्दै पर्वतारोहणप्रतिको एकता दर्शाएको छ,' आरोहण टोलीको विज्ञप्तिमा भनिएको छ।

कीर्तिमान कायम गर्ने आफ्नो दौडमा रहेकी हरिलाले चीनबाट पूर्णरूपमा तिब्बतको शिशापांमा आरोहण गर्न भिसा प्राप्त गर्न ढिलाइ भएपछि के-टुसहित १२ वटा हिमाल दुई पटक आरोहण गर्नुपरेको थियो। उनले चोयु हिमाल पनि चिनियाँ भूमिबाट आरोहण गरेकी हुन्।

हालसम्म विश्वका १४ वटै चुचुराको आरोहण ४० जनाभन्दा बढी आरोहीले गरेका भए पनि तिनमा महिलाको संख्या नगन्य छ। समुद्र सतहबाट ६३३ मिटरको उचाइमा रहेको उत्तरी नर्वेकी ३७ वर्षीया हरिलाले रकम अभावमा आफ्ना आवास नै बेचेर चुली चुम्ने सपना साकार पारेकी हुन्।

प्राविधिकरूपमा सगरमाथाभन्दा आरोहण गर्न कठिन के-टु मा प्रायः सधैं प्रतिकूल मौसम रहने हुनाले सन् १९५४ देखि आजसम्म ४२५ जनाले मात्र यो हिमालको सफलतापूर्वक आरोहण गरेका छन्। के-टुको चुचुरोलाई २० जना महिलाले चुमेका छन्। *रासस/एएफपी*


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५। लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६। ज्ञानज्योति पुस्तक पसल – बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२। दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य
छापावाला सुन / तेजाबी सुन / चाँदी
प्रति तोला – ११२६०० | प्रति तोला – ११२०५० | प्रति तोला – १४९०



**याकको दूध दुहुँदै** | **ताप्लेजुङको मिक्वाखोला गाउँपालिका–५ लोदेन क्षेत्रमा याकको दूध दुहुँदै महिला । याक गोठहरू अहिले गर्मी छल्न उच्च हिमाली क्षेत्रमा पुगेका छन् ।** *तस्बिरः दिलकुमार लिम्बू/रासस*

# हवाई सुरक्षा रणनीति तय गर्न समिति

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** मुलुकको हवाई सुरक्षा अभिवृद्धिका लागि आवश्यक रणनीति तय गर्ने उद्देश्यले वायु सेवा सञ्चालकको छाता संगठन वायु सेवा सञ्चालक संघ नेपालले विशेष 'टास्क फोर्स' गठन गरेको छ ।

संघले पूर्वपर्यटन सचिव यज्ञप्रसाद गौतमको संयोजकत्वमा चार सदस्यीय समिति गठन गरेको हो । समितिको सदस्यमा क्याप्टेन हिराबहादुर दाहाल, रवि कंसाकार र नारायणबहादुर डंगोल रहनुभएको छ । समितिले एक महिनाभित्र अध्ययन प्रतिवेदन बुझाउने छ । प्रतिवेदनमा समेटिएका कमीकमजोरीलाई संघले विधि र प्रक्रियाबारे थप अध्ययन गरेर हवाई उद्योगलाई सुरक्षित बनाउनेतर्फ लाग्ने जनाएको छ ।

'हवाई उड्डयनको वर्तमान अवस्था, चुनौति तथा असर सम्बन्धमा' आयोजित कार्यशाला गोष्ठीको अवसरमा संघले उक्त समिति घोषणा गरेको हो । हवाई दुर्घटनाको कारण पत्ता लगाई हवाई सेवालाई सुरक्षित बनउन तथा हवाई दुर्घटना न्यूनीकरणका लागि राय सुझाव पेश गर्नेगरी समिति गठन गरिएको संघले उल्लेख गरेको छ ।

संघका अध्यक्ष क्याप्टेन रामेश्वर थापाले हवाई सुरक्षा अभिवृद्धिका लागि समिति गठन गरिएको बताए । उनले हवाई दुर्घटना न्यूनीकरणका लागि संघ लागिपरेको भन्दै नियामक नेपाल नागरिक उड्डयन प्राधिकरणको सहकार्यमा यस कार्यलाई थप प्रभावकारी बनाइने विश्वास व्यक्त गरे ।

उनले प्राधिकरणले क्याप्टेनलाई मात्रै कारबाही गरेर हवाई सुरक्षा अभिवृद्धि हुँदैन भन्दै पर्वतीय उडान र स्वीङ उडान रोक्नुको कुनै अर्थ नरहेको जिकिर गरे । हेलिकोप्टरको हरेक उडानमा 'इनरुट वेदर'को विषयमा सम्बन्धित निकायबाट प्रयाप्त मौसमसम्बन्धी जानकारी नपाउने गरेका कारण पनि दुर्घटनाको जोखिम निम्तने खतरा रहेको संघको भनाइ छ ।

हेलिकोप्टरले आफ्नै एजेन्ट गन्तव्यमा राख्नुपर्ने र सोही आधारमा उडान भर्नुपर्ने बाध्यता रहेको भन्दै संघले नियामकको ध्यानाकर्षण गराएको छ ।

**एकीकृत निर्देशन, २०७९**

# सेयर, घरजग्गा र सवारी कर्जाको जोखिम भार संशोधन

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाल राष्ट्र बैंकले सेयर, घरजग्गा र सवारी कर्जाको जोखिम भारसम्बन्धी विद्यमान व्यवस्थामा संशोधन गरेको छ। राष्ट्र बैंकले शुक्रबार एकीकृत निर्देशन, २०७९ मा संशोधन गर्दै वाणिज्य बैंक, विकास बैंक, तथा वित्त कम्पनीहरूलाई परिपत्र गरेको हो।

चालु आर्थिक वर्ष २०८०/८१ को मौद्रिक नीति जारी गर्दै नेपाल राष्ट्र बैंकले सेयर धितो कर्जा, रियल स्टेट कर्जा तथा हायर पर्चेज कर्जाका विद्यमान जोखिम भारसम्बन्धी व्यवस्था पुनरावलोकन गर्ने उल्लेख गरेको थियो । मौद्रिक नीतिको सोही व्यवस्थाअनुसार निर्देशिका संशोधन गरिएको हो ।

यसअघि सेयर धितोको रू २५ लाखभन्दा माथिको कर्जामा १५० प्रतिशत जोखिम भार रहेकोमा त्यसलाई संशोधन गरेर रू ५० लाखभन्दा माथिको सेयर धितोमा १५० प्रतिशत जोखिम भार रहने व्यवस्था गरिएको छ । त्यस्तै, यसअघि रू २५ लाखसम्मको सेयर धितो कर्जामा १०० प्रतिशतसम्म जोखिम भार गणना हुने व्यवस्था रहेकोमा त्यसलाई बढाएर रू ५० लाखसम्मको सेयर धितो कर्जामा १०० प्रतिशतसम्म जोखिम भार गणना गर्ने व्यवस्था गरिएको हो ।

नयाँ व्यवस्थाअनुसार रू २५ लाखसम्मको व्यक्तिगत सवारीकर्जामा जोखिम भार १५० प्रतिशतसम्म लागू हुनेछ । विभिन्न संस्था तथा विकास आयोजनाको



जग्गा प्राप्तिका लागि जग्गा धितो कर्जामा १०० प्रतिशतसम्म जोखिम भार कायम हुनेछ । त्यस्तै, रू २५ लाखभन्दा माथिको व्यक्तिगत सवारी कर्जामा १०० प्रतिशतसम्म जोखिम भार गणना गरिने राष्ट्र बैंकले जनाएको छ ।

### २५ लाखभन्दा बढीको कर्जामा प्यान अनिवार्य

बैंक तथा वित्तीय संस्थाले एकमुष्ट वा छुट्टा छुट्टै रूपमा रु २५ लाख वा सोभन्दा बढी कर्जा प्रवाह गर्नुपरेमा अनिवार्यरूपमा स्थायी लेखा नम्बर (प्यान) लिएको हुनुपर्ने व्यवस्था गरिएको छ। यसअघि रु ५० लाख वा सोभन्दा बढीको कर्जामा प्यान अनिवार्य थियो ।

ऋणीले स्थायी लेखा नम्बर लिएको हुनुपर्ने सम्बन्धमा बैंक तथा वित्तीय त्यस्तै, ऋणी एउटै समूह अन्तर्गत पर्ने भएमा त्यस्तो समूहले रु २५ लाख वा सोभन्दा बढी रकमको कर्जा लिएको अवस्थामा पनि अनिवार्य रूपमा स्थायी लेखा नम्बर लिएको हुनुपर्ने संशोधनमा उल्लेख छ ।

### ब्याजदर करिडोरको तल्लो सीमा साढे चार प्रतिशत

नेपाल राष्ट्र बैंकले वाणिज्य बैंकको ब्याजदर करिडोरको तल्लो सीमाका रूपमा रहने निक्षेप सङ्कलन दरलाई एक प्रतिशतले बिन्दुले घटाएर साढे चार प्रतिशत कायम गरेको छ । एकीकृत निर्देशन, २०७९ मा संशोधन गर्दै निक्षेप सङ्कलन दर घटाएसँगै रिपो दर पनि शून्य दशमलव ५० प्रतिशत बिन्दुले घटेको छ । यसअघि वाणिज्य बैंकहरूमा ब्याजदर करिडोरको माथिल्लो सीमाको रूपमा रहेको स्थायी तरलता सुविधा दर साढे सात प्रतिशत, तल्लो सीमाको रूपमा रहेको निक्षेप संकलन दर साढे पाँच प्रतिशत र नीतिगत दरको रूपमा रहेको रिपो दर सात प्रतिशत थियो ।

स्थायी तरलता सुविधा दरलाई भने साढे सात प्रतिशतमा यथावत राखिएको छ । तर तल्लो सीमाको रूपमा रहेको निक्षेप सङ्कलन दरलाई साढे चार प्रतिशत पुऱ्याइएको छ । त्यस्तै, नीतिगत दरको रूपमा रहेको रिपो दरलाई साढे छ प्रतिशत कायम गरिएको छ । राष्ट्र बैंकले चालु आर्थिक वर्ष २०८०/८१ को मौद्रिक नीतिमार्फत् निक्षेप सङ्कलन दर र नीतिगत दर घटाउने निर्णय गरेको थियो ।

### वर्षमा २ पटकमात्र डलर साट्न पाइने

विदेश भ्रमणमा जाने नेपालीले अब दुई हजार पाँच सय अमेरिकी डलर बराबरको सटही सुविधा पाउने भएका छन् । नेपाल राष्ट्र बैंकको विदेशी विनिमय व्यवस्थापन विभागले जारी गरेको एकीकृत परिपत्र-२०७९ मा संशोधन गर्दै डलर सटही सुविधाका सम्बन्धमा नयाँ व्यवस्था गरेको हो ।

भारत बाहेक अन्य मुलुकको भ्रमणमा जाने नेपाली नागरिकलाई राहदानी वापत प्रतिपटक अधिकतम अमेरिकी डलर दुई हजार पाँच सय बराबरको सटही सुविधा प्राप्त गर्नेछन्। त्यस्तो सटही सुविधा एक वर्षमा दुई पटकमा नबढ्ने गरी मात्र प्रदान गरिने उल्लेख छ। एकीकृत निर्देशन जारी भएको मितिभन्दा अगावै त्यस्तो सुविधा लिएकाले पनि चालु आवमा थप दुई पटक त्यस्तो सुविधा प्राप्त गर्ने व्यवस्था गरिएको छ।

श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा जाने नेपाली नागरिकलाई राहदानी वापत अधिकतम दुई सय अमेरिकी डलर बराबरको सटही सुविधा उपलब्ध गराउने प्रबन्ध गरिएको छ ।

# हिमाली हिरा यार्सा बेचेर करोडौं आम्दानी

■ **नृपेन्द्रबहादुर मल्ल**

**मुगु–** गरिबको हिरा भनेर चिनिने हिमाली जिल्लामा पाइने बहुमुल्य बुटी यार्सागुम्बा बेचेर यहाँका स्थानीयले जीविकोपार्जन गरिरहेका छन्। जिल्लाका सोरु, मुगुम कार्मारोंग गाउँपालिकाका साथै छायाँनाथ रारा नगरपालिकाका स्थानीयले यार्सागुम्बा बेचेर गाउँमा करोडौँ रकम भित्र्याएका हुन् । देशभर आर्थिक मन्दी भइरहँदा मुगालहरूले भने गाउँमा करोडौँ रकम भित्र्याइरहेका छन् । गत जेठ ५ गते मुगुका दुई दर्जनभन्दा बढी पाटनमा यार्सा सङ्कलनका लागि मुगुम कार्मारोंग गाउँपालिकाले प्रवेश अनुमति खुल्ला गरेको थियो ।

यस वर्ष पाटन तथा हिमालमा यार्सा टिप्न जिल्लाका स्थानीयका साथै दैलेख, जाजरकोट, जुम्ला, डोल्पा, कालीकोट, हुम्ला, मनाङ, मुस्ताङ, बाजुराबाट पनि सङ्कलकहरू आएको यार्सा सङ्कलन छोर्तेन लामाले बताए । उनका अनुसार वर्षाको समय भएकाले पानी र हिउँका कारण यार्सा पाइएको थिएन । असार ५ गतेपछि मौसममा सुधार आएकाले पर्याप्त यार्सा पाइएको उनको भनाइ थियो ।

छायाँनाथ रारा नगरपालिका-१२ लुम्सका कम्वर ऐडीले यार्सा टिप्न पाटन गएका भाइबुहारीले मात्र २५ दिनमा यार्सा बेचेर रू साढे चार लाख आम्दानी गरेका बताए । गाउँभरिका यार्सा टिप्न जाने प्रत्येकले रू दुई लाखबढी आम्दानी गरेका भन्दै यस वर्ष लुम्स गाउँमा मात्रै रू ३० देखि ५० लाखसम्म रकम भित्रिएको उनले अनुमान गरे ।

वडा नं १२ शोभा गाउँका स्थानीय गणेशबहादुर सावतका अनुसार यार्सा बेचेर गाउँमा रू एक करोडभन्दा बढी आम्दानी भएको छ। उनका अनुसार मुगालीहरू वर्षभरि खान र वार्षिक आवश्यकताका लागि खर्चको जोहो एक महिना यार्सा टिपेर बेचेको पैसाबाट गर्दै आएका छन् । व्यापार, खेतीपाती र नोकरीभन्दा महिनादिनभित्र यार्सा टिपेर बढी आम्दानी हुने भएकाले यस मौसममा यहाँका स्थानीय अन्य काम छोडेर यार्सा टिप्न पाटनहरूमा पुग्ने गर्दछन् । यार्सा व्यापारी पाटनमै पुगेर यार्सा सङ्कलकसँग यार्सा खरिद गर्ने भएकाले यार्सा बिक्री गर्न सङ्कलकलाई बजारको समस्या हुँदैन । पाटनमै टिप्ने उतै बेच्ने पैसामात्र घर ल्याउने गर्दछन् ।

पाटनमा यार्सा व्यापारीले खाल्वा (ठूलो, राम्रो) यार्सालाई प्रतिबुटी रू आठ सय र मध्यमलाई प्रतिबुटी रू चार सय ५० सम्म दिएका सावतले बताए । उनका अनुसार खाल्वा यार्सा एक केजी पुग्न तीन हजार दुई सय बुटी र मध्यम यार्सा एक केजी पुग्न चार हजारदेखि ४२ सय बुटी आवश्यक पर्दछ ।

यार्सा बेचेर मुगुम कार्मारोंग गाउँपालिकाका सबै बस्ती तथा छायाँनाथ रारा नगरपालिकाका केही बस्तीमा सबैभन्दा बढी रकम भित्रिएको यार्सा सङ्कलक बताउँछन् । त्यस्तै, मह गाउँमा मात्रै रू चार करोडभन्दा बढी रकम भित्रिएको स्थानीय बताउँछन् ।

माग्री, पाँपु, छाइल, चिमात, दाउरा, सेरोग, कार्ति, किम्री, डोल्फु, पुअ, मुगु, ताखा, खारी गाउँमा रू ५० लाखदेखि एक करोडसम्म रकम भित्रिएको मुगु गाउँका स्थानीय छोर्तेन लामाले जानकारी दिए । उनका अनुसार मुगु गाउँमा मात्रै रू तीन करोडभन्दा बढी रकम भित्रिएको छ । नगरपालिका भित्रका तल्लेख, झाकोट, बालचौर, रोवा, सोभा, लुम्स, घटटलेख, जिउला, च्यांगच्याकाटी, थार्प, लुम, बाम, तिर्प, लह, लापुँ गाउँका स्थानीय पनि यार्सा बेचेर मनग्य आम्दानी गरेका छन् ।

मुगुम कार्मारोंगस्थित पुअ गाउँका छेवांग लामाका छोराबुहारीसहित चार जनाले यार्सा बेचेर रू २१ लाख कमाएका छन्। यो सिजनमा रू एक करोडभन्दा बढी रकम यार्सा बेचेर गाउँमा भित्र्याएको उनले जानकारी दिए ।

किम्री गाउँका कार्मा सेराप लामा भने, 'भगवान्ले हाम्रा लागी हिमालमा यार्सा होइन हिरा उमारी दिएका हुन् । यार्सा नभइदिएको भए घर खर्च चलाउने, बालबच्चाको पढाइलगायत अन्य खर्चको जोहो गर्न गाह्रो हुन्थ्यो । यहाँ काम तथा रोजगारी पाउन गाह्रो छ । खेतीपाती राम्रो उब्जनी छैन, वर्षेभरि एक बाली उब्जन्छ, आफूजस्ता गरिबका लागि यार्सागुम्बा बरदान साबित भएको छ ।' प्रत्येक वर्ष परिवारका चारसदस्य यार्सा टिप्न पाटन जाने र रू छ/सात लाखसम्म आम्दानी हुने गरेको उनले बताए। कोरोनाकालमा दुई वर्ष यार्सा टिप्न नपाउँदा जीविकोपार्जन गर्न निकै कष्ट भएको तीतो व्यथा उनले सुनाए ।

'हिमालको हिरा टिप्न सोचेजस्तो सजिलो कहाँ छ र ?' मह गाउँका राप्के तामाङले भने, 'हिउँ/पानीसँग खेल्नुपर्ने, चिसोबाट बेचेर भोक, प्यासको पर्वाह नगरी अग्लाअग्ला हिमाल र पाटनहरूमा यार्सा खोज्दै चहार्नुपर्ने हुन्छ। पाटनमा बिरामी भए मर्नुबाहेक विकल्प रहँदैन । यति सहेर यार्सा पाए पनि कहाँ सुख छ र पाटनमा यार्सा लुटेराहरू बन्दुकसहित पुगेका हुन्छन् तिनीहरूबाट बेचेर यार्सा बिक्री गर्नु र पैसा बोकेर सुरक्षित साथ घर पुग्नु भनेको एउटा ठूलै युद्ध जिते जस्तै हो ।'

मुगुका माजिंग थान, ठूलो कोइकी, सानो कोइकी, छापाखोला, टाँके, रिमाड, हंगदंग खोला, च्यार्कुलेख, छुमुरु, छुंगडुंग, भावर खोला, असी पाटन, नयाँ वन, टांगवाक, झोवा लेख, वांगरी रमाना, धोवार खोला, च्यांगजी लगाएर दुई दर्जनभन्दा बढी पाटनहरूमा यार्सागुम्बा पाइन्छ । *रासस*

**बाढीपहिरोबाट जोगिऔं**

**जथाभावी सडक निर्माण र वन विनासले बाढीपहिरो निम्त्याउने हुँदाः**

- वृक्षरोपण गरौं, वनजंगल जोगाऔं, बाढी पहिरो नियन्त्रण गरौं ।
- पहिरोको जोखिम भएका क्षेत्र तथा नदी किनारमा रुख, बाँस, निगालोजस्ता भू-क्षय रोक्ने खालका बिरुवा रोपौं र संरक्षण गरौं ।
- वस्ती तथा समुदायको रक्षा गरौं ।
- बाढी आएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं ।

बाढी पहिरोबाट आफू पनि बचौं अरूलाई पनि बचाऔं ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**ः एक्सप्रेस कलर प्रेस, **कार्यालय**ः काठमाडौं-७, सिफल, नेपाल फोन नं.ः ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**ः marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**ः कृष्णबहादुर कार्की, **सम्पादक**ः विष्णु तामाङ